# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २१ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि  कोलकातामा ५ हजार २ सय  करोड रुपियाँ लागतका विभिन्न मेट्रो र सडक परियोजनाको उद्घाटन र शिलान्यास गर्नुहुनेछ ।

- भारत सरकारले ल्याएको अनलाईन गेमिंग प्रमोशन तथा रेगुलेशन बिधेयक संसदले पारित गरेकोछ।

- राष्ट्रिय राजमार्ग 10 आज मध्यान्ह 12 बजीदेखि राति 11.55 बजीसम्म बन्द रहेको छ।

- इण्डियन गोर्खा जनशक्ति फ्रण्टको भातृ संगठनले श्रमिकहरूको प्रोभिडेन्ट फण्ड सम्बन्धी क्षेत्रीय भविष्यनिधि आयुक्त समक्ष ज्ञापन पत्र बुझाएको छ।

- डुवर्सको नगरकट्टा खण्ड मा पिएफ घोटालाको आरोप उठेको छ ।

<u>प्रधानमंत्री नरेंद्र मोदी - कोलकाता - विभिन्न मेट्रो - सड़क परियोजन - उद्घाटन</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि  कोलकातामा ५ हजार २ सय  करोड रुपियाँ लागतका विभिन्न मेट्रो र सडक परियोजनाको उद्घाटन र शिलान्यास गर्नुहुनेछ । यी परियोजनाहरूको शुरुवातसँगै महानगरको परिवहन व्यवस्थाले  नयाँ गति पाउनेछ र लाखौं यात्रीहरूको सुविधामा पनि उल्लेखनीय वृद्धि हुनेछ। कार्यक्रम अनुसार, प्रधानमन्त्री श्री मोदीले भोलि अपराह्न ४ बजेर १५ मिनटमा जनताका लागि तीन वटा नयाँ मेट्रो सेक्शन समर्पित गर्नुहुनेछ र जेसोर रोडदेखि जय हिन्द विमानबन्दर स्टेशनसम्मको मेट्रो राइडको प्रत्यक्ष अनुभव लिनुहुनेछ । उहाँले  १ हजार २ सय करोड़ रुपियाँ भन्दा अधिक अनुमानित लागतमा ७.२ किलोमिटर लामो कोना एक्सप्रेसवेको पनि शिलान्यास गर्नुहुनेछ । यो एक्सप्रेसवेले हावड़ा र कोलकाताबीच छिटो र निर्बाध सम्पर्क  सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। यसबाहेक सियालदहदेखि एस्प्लेनेड, नैयापारादेखि जय हिन्द विमानबन्दर र हेमन्त मुखोपाध्यायदेखि बेलेघाटसम्म १३.६२ किलोमिटर लम्बाइका यी खण्डहरू समावेश छन्। परियोजनाहरूको उद्घाटन पछि, प्रधानमन्त्री श्री मोदीले जेसोर रोड मेट्रो स्टेशनमा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ। यी नयाँ सेवाहरूको सुरुवातले दैनिक यात्रीहरूलाई मात्र नभई अर्को महिना दुर्गा पूजाको समयमा पण्डालको भ्रमण गर्न आउने लाखौं भक्तजनहरू र पर्यटकहरूलाई पनि राहत प्रदान गर्ने अपेक्षा गरिएको छ ।

<u>भारत सरकार- अनलाईन गेमिंग</u>

भारत सरकारले ल्याएको अनलाईन गेमिंग प्रमोशन तथा रेगुलेशन बिधेयक संसदले पारित गरेकोछ। यस विधेयकले अनलाइन वित्तीय गेमिंग अर्थात पैसा लगाएर खेल्ने अनलाइन खेलहरूमाथि निषेध लगाउने छ। सरकारको एक आंकड़ा अनुसार देशका करीब 45 करोड़ मानिसहरू अनलाइन गेमिंगमा झण्डै 20 हजार करोड़ रूपियाँ गुमाइसकेका छन्। यसले केवल  रूपियाँ पैसा कै  नोक्सानी गरि रहेको थिए तर यसले समाजमा पनि नराम्रो प्रभाव पारेको छ। सूचना तथा प्रसारण मंत्री अश्विनी वैष्णवले सदनमा यो बिधेयक पेश गर्दै स्पष्ट गरी दिनु भएको थियो कि यस विधेयकको उद्देश्य अनलाइन गेमिंगलाई रोक लगाउनु होइन। संस्कृत र शिक्षालाई टेवा दिने ज्ञान वर्धक र समाज हितकारी अनलाइन गेमिंगलाई संवर्धित गर्नु हो। तर अनलाइन गेमिंगको नाममा यसको दुरूपयोग भईरहेको थियो।

Byte अशोक चौरासिया

संसदमा अनलाइन गेमिंग प्रमोशन र रेगुलेशन बिधेक पारित भएकोमा दार्जिलिंग सन्त जोशेफ कलेजकी प्राध्यापिका स्मृति राईले खुशी व्यक्त गर्दै  बन्नु हुन्छ----'

बाइट स्मृति राई

राष्ट्रिय राजमार्ग 10

राष्ट्रिय राजमार्ग 10 आज मध्यान्ह 12 बजीदेखि राति 11.55 बजीसम्म बन्द रहेको छ। NHIDCL को कार्यलयले एउटा निर्देशिका जारी गर्दै सुरक्षालाई ध्यानमा राखी राष्ट्रिय राजमार्ग 10 अन्तर्गत सेभोक देखि रम्फूसम्म आज राति 11 बजेर 55 मिनट सम्म सबै प्रकारका वाहनहरूको आवतजावत बन्द रहने बताएको छ।

**लोकसभा -अनिश्चितकाल स्थगित**

लोकसभाको कारवाही  अनिश्चितकालको लागी स्थगित गरिएको छ 1  मानसून सत्र 21 जुलाईको दिन शुरु भएको थियो 1 मध्याह्नमा पहिलो स्थगनपछि सदनको बैठक शुरु हुँदा लोकसभाका अध्यक्ष ओम बिरलाले भन्नुभयो , सत्रको क्रममा १४ वटा सरकारी विधेयक पेश गरिएको थियो र कुल १२ विधेयक पारित भएका थिए। अप्रेसन सिन्दूरबारे दुई दिवशीय  विशेष चर्चा  पनि भएको थियो, जुन प्रधानमन्त्री नरेन्द्र मोदीको जवाफसँगै टुंगिएको थियो । लोकसभामा भारतको अन्तरिक्ष कार्यक्रमका उपलब्धिहरूबारे विशेष चर्चा  सुरु गरिएको पनि उहाँले जानकारी दिनुभयो। उहाँले  यस सदनको कार्यसूचीमा कूल ४१९ तारांकित प्रश्न समावेश गरिएको तर निरन्तर पूर्वनियोजित अवरोधका कारण मौखिक जवाफका लागि ५५ प्रश्न मात्र लिन नसकिएको जानकारी दिनुभयो । श्री बिड़लाले अवरोधका कारण समय खेर गएकोमा असन्तुष्टि व्यक्त गर्नुहुदै  सदनले यस सदन मा मुस्किलले ३७ घण्टा मात्र काम गर्न सकेको बताउनु भयो।

संसदीय कार्य मंत्री किरेन रिजिजू - संसद

संसदीय मामिला मन्त्री किरेन रिजिजुले संसदको मनसुन सत्र देश र सरकारका लागि निकै फलदायी भएको बताउनु भएको छ । सत्र अन्त्यपछि संसद भवनबाहिर पत्रकारहरु सँग बातचित गर्नुहुदै  उहाँले  धेरै नयाँ सांसदलाई संसदमा  बोल्न नदिएको र यसका लागि प्रतिपक्ष नै जिम्मेवार रहेको बताउनु भएको छ । विपक्षीको आलोचना गर्नुहुदै श्री  रिजिजुले बिपक्षीहरुले सदनलाई धेरै अवरोध गरेको र चर्चा का लागि निर्धारित समयमा भाग नलिएको बताउनुभएको छ । उहाँले  अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा जाने पहिलो भारतीय ग्रुप क्याप्टेन शुभांशु शुक्लालाई बधाई दिने अवसर विपक्षीले नदिएकोमा असन्तुष्टि व्यक्त गर्नुभएको छ ।

इण्डियन गोर्खा जनशक्ति फ्रण्ट-ज्ञापन

इण्डियन गोर्खा जनशक्ति फ्रण्टको भातृ संगठन हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संघले चिया श्रमिकहरूको प्रोभिडेन्ट फण्ड सम्बन्धी अनियमितताविरुद्ध क्षेत्रीय भविष्यनिधि आयुक्त कार्यालय, सिलिगुडीमा ज्ञापन पत्र बुझाएको छ।संगठनले बगान मालिकहरूले श्रमिकको खाताबाट पीएफ कटौती गरे पनि हजारौंको संख्यामा रकम ई.पी.ए.फो- मा जम्मा नगरेको तथ्य बारम्बार सार्वजनिक भइरहेको बताउँदै तत्काल कानुनी कारबाही र समस्या समाधानको माग गरेको छ।संगठनले यो श्रमिकहरु माथिको ठूलो शोषण भएको उल्लेख गर्दै श्रमिकहरूको वैधानिक अधिकार सुनिश्चित नभएसम्म सडकदेखि अदालतसम्म संघर्ष गर्ने बताएको  छ।

**नगरकट्टा -पीएफ घोटाला**

दुई जना जिउँदो महिला चियाश्रमिकहरूलाई मृत देखाई उनीहरूको पीएफ घोटाला गरिएको आरोप उठेको तीन दिन नबित्दै फेरि 184 जना जिउँदा चियाश्रमिकहरूलाई मृत देखाएर पीएफ घोटाला गरिएको आरोप उठेको छ। डुवर्सको नगरकट्टा खण्ड अन्तर्गत पर्ने धरनीपुर चियाकमानका 184 जना जिउँदा चियाश्रमिकलाई मृत देखाएर उनीहरूको पीएफ  घोटाला गरिएको मामिला प्रकाशमा आएपछि अहिले डुवर्स क्षेत्रभरि नै सनसनी मच्चिएको  छ।

****** ० ******